# यूरोपियन यूनियनको बजार र विश्व व्यापार संगठन सम्बन्धी सेमिनार

बुटवल, युरेपियन यूनियनको सहयोगमा युरोपियन इकोनोमिक चेम्बरको आयोजनामा सञ्चालित इसीबोन प्रोजेक्ट अन्तर्गत EU/ WTO मा क्षमता विकास सम्वन्धी सेमीनार चैत ९ गते सम्पन्न भयो ।

EU/WTO (विश्व व्यापार संगठन) सम्वन्धी धारणा नेपालमा रहेका व्यवसायी संघ/संस्थाहरुलाई दिने र तिनीहरुको क्षमता विकास गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो ।

संघका अध्यक्ष एजाज आलमले नेपालको औद्योगिक विकासमा उद्योगी व्यवसायीहरुको भूमिका महत्वपूर्ण रहने हुँदा यस्ता सेमीनार, गोष्ठीले उद्योगीलाई सवल र सक्षम बनाउन सहयोग पुग्ने धारणा राख्नुभयो । EU यूरोपको बजार र विश्व व्यापार संगठन सम्बन्धी सेमीनारले त्यहाँको अवस्था र त्यहाँका व्यवसायीहरुले गरेका प्रयासहरुको बारेमा जानकारी प्राप्त भएको बताउनु भयो । सिक्ने कुरा निरन्तर चल्ने भएको हुँदा आगामी दिनमा पनि यस्ता कार्यक्रमको आयोजना गरिने बताउनुभयो । समापन समारोहमा वाणिज्य मन्त्रालय अन्तर्गत अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखाका WTO प्रमुख डा. बद्री पोखरेलले मानिस सिक्ने र सिकाउने कुरा कहिल्यै पूर्ण नहुने हुँदा यहाँहरुबाट हामीले पनि केही सिकेको र केही दिन सकेको बताउनुभयो । वर्तमान सरकार खुल्ला अर्थनीति अवलम्बन गरी अगाडि बढेको सरकारको भूमिका केवल सहजकर्ताको रुपमा मात्र रहेको बताउनु भयो । आफू सक्षम बन्न सकेमा अरुले विश्वास गर्ने धारणा राख्दै नेपालले विश्व व्यापारमा निर्यात गर्न सक्ने सम्भावनाहरु बढिरहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा प्रशिक्षक जयन्द्र रिमाल, सहभागीको तर्फबाट टेक बहादुर पंगेनीले मन्तव्य राख्नु भएको थियो ।

समापन कार्यक्रममा संघका अध्यक्ष एजाज आलमको सभापतित्वमा र सचिव गणेशप्रसाद अधिकारीको सञ्चालनमा सम्पन्न भएको थियो

